# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ३ संख्या १६ मिति २०७६ चैत्र १६ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

विषयविज्ञ छनौट सम्वन्धि कार्यविधी, २०७६ "

**प्रस्तावनाः-** भुम्लु गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा करार तथा राहत दरवन्दिमा शिक्षक छनौटका लागि छनौट समितिमा रहने विषयविज्ञको छनौट एवं सुचिकृत गर्न वाञ्छनीय भएकोले स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा १० र भुम्लु गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी भुम्लु गाउँपालिकाले यस कार्यविधी तयार गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भः-

१. यस कार्यविधीको नामःविषयविज्ञ छनौट सम्वन्धि कार्यविधी, २०७६ रहनेछ ।

२. यो कार्यविधी गाउँकार्यपालिकाले अनुमोदन गरी प्रमाणीकरण भएको मितिबाट प्रारम्भ हुनेछ ।

३. **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) 'प्रशासकीय अधिकृत' भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ख) 'शिक्षा अधिकृत' भन्नाले गाउँपालिकाको शिक्षा शाखाको अधिकृत वा सो काम गर्न कार्यालय प्रमुखले तोकेको व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) 'विद्यालय' भन्नाले भुम्लु गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## विषयविज्ञ छनौट समितिः-

४. विषयविज्ञ छनौटका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ३ सदस्यीय समिति रहनेछ ।जसमा गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक र शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख रहनेछन् ।

## परिच्छेद -३

## विषयविज्ञ छनौट समितिको काम, कर्तव्य र अधिकारः-

५. विषयविज्ञ छनौट तथा सुचिकृत गर्ने समितिको अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विज्ञ छनौटका लागि कार्यविधीले तोके अनुसार सूचना प्रकाशन गर्ने,

(ख) विज्ञमा सुचिकृत हुनका लागि पेश भएका दरखास्तहरुको छानविन गरी योग्यता पुगेका शिक्षकहरुलाई सुचिकृत गरी सूची प्रकाशित गर्ने,

(ग) समितिको वैठक सम्वन्धी कार्यविधी समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद — ४

## विषयविज्ञ शिक्षकको लागि आवश्यक पर्ने योग्यताहरुः-

६. विषयविज्ञ सूचीमा सूचिकृत हुनका लागि साविकको उ. मा. वि., मा. वि., नि. मा. वि. र प्रा. वि. विषयविज्ञ हुन आवश्यक न्यूनतम योग्यताहरु देहायबमोजिम हुनेछनः-

(क) साविकको उ. मा. वि. तहको विषयविज्ञको लागि आवश्यक योग्यताहरु देहायबमोजिम हुनेछनः-

(अ) कम्तीमा मा. वि. तृतिय श्रेणीमा स्थायी शिक्षक हुनुपर्ने,

(आ) सम्वन्धित विषयमा स्नातकोत्तर गरेको हनुपर्ने वा स्नातक गरि कम्तीमा दश वर्ष शिक्षण अनुभव भएको शिक्षक हुनुपर्ने

(इ) मा. वि. तहको स्थायी अध्यापन अनुमती पत्र प्राप्त गरेको हुनुपर्ने ।

(ख) साविकको मा. वि. (९-१०) विषयविज्ञ हुनका लागि आवश्यक योग्यताहरुः-

(अ) कम्तीमा मा. वि. तृतीय श्रेणीको शिक्षकको रुपमा एक वर्षदेखि निरन्तर स्थायी शिक्षकको रुपमा कार्यरत हुनुपर्ने,

(आ) सम्वन्धित विषयमा स्नातकोत्तर गरेको हनुपर्ने वा स्नातक गरि कम्तीमा तीन वर्ष शिक्षण अनुभव भएको शिक्षक हुनुपर्ने,

(इ) मा. वि. तहको स्थायी अध्यापन अनुमती पत्र प्राप्त गरेको हुनुपर्ने ।

(ग) साविकको नि. मा. वि. ६-८ तहको विषयविज्ञ हुनका लागि आवश्यक योग्यताहरुः-

(अ) कम्तीमा नि.मा. वि. तृतीय श्रेणीको शिक्षकको रुपमा एक वर्षदेखि निरन्तर स्थायी शिक्षकको रुपमा कार्यरत हुनुपर्ने,

(आ) सम्वन्धित विषयमा स्नातक गरी स्थायी शिक्षकको रुपमा कार्यरत भएको हुनुपर्ने,

(इ) नि. मा. वि. तहको स्थायी अध्यापन अनुमती पत्र प्राप्त गरेको हुनुपर्ने ।

(घ) साविकको प्रा. वि. तहको विषयविज्ञ हुनका लागि आवश्यक योग्यताहरुः-

(अ) कम्तीमा प्रा. वि. तृतीय श्रेणीको शिक्षकको रुपमा पाँच वर्षदेखि निरन्तर स्थायी शिक्षकको रुपमा कार्यरत हुनुपर्ने,

(आ) कुनै विषयमा स्नातक गरी स्थायी शिक्षकको रुपमा कार्यरत भएको हुनुपर्ने,

(इ) प्रा. वि. तहको स्थायी अध्यापन अनुमती पत्र प्राप्त गरेको हुनुपर्ने ।

तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि माध्यामिक तहको कुनै विषयको विज्ञ सुचीमा समावेश भएको शिक्षक नि. मा. वि. तहको सोही विषयको विज्ञको रुपमा उपयुक्त मानिनेछ । साथै मा. वि. र नि. मा. वि. तहको विज्ञको रुपमा छनौट भएका विज्ञ शिक्षक प्रा. वि. तहको लागि स्वतः विज्ञ सूचीमा उपयुक्त मानिनेछ ।

## परिच्छेद — ५

## दरखास्त शुल्क

७. विषय विज्ञ समावेश हुनका लागि आवश्यक दरखास्त शुल्क विवरण :-यस गाउँपालिकामा रिक्त हुन आउने करार/राहत शिक्षक छनौट प्रयोजनका लागि तह अनुसार शुल्क निम्म अनुसार कायम गरिएको छ ।

(क) साविक उ.मा.वि. तहको विषयविज्ञ सूचीमा समावेश हुनका लागि रु. १८००।—

(ख) मा.वि. तह (९-१०) तहको विषयविज्ञ सूचीमा समावेश हुनका लागि रु. १५००।—

(ग) साविक नि.मा.वि. तहको विषयविज्ञ सूचीमा समावेश हुनका लागि रु. १२००।—

(घ) साविकको प्रा.वि. तहको विषयविज्ञ सूचीमा समावेश हुनका लागि रु. १०००।—

## परिच्छेद — ६

## स्वीकृत नामावली प्रकाशन सम्वन्धमा

८. यस कार्यविधिको परिच्छेद २ वमोजिम गठन भएको विषयविज्ञ छनौट समितिले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरुको नामावली सूची तयार गरी गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

## परिच्छेद — ७

## विविध

९. कुनै विषयविज्ञ सूचीमा छनौट भएको उम्मेदवार उमेर हदका कारणले सेवाबाट अलग भए पनि विषयविज्ञ सूचीबाट हटाईने छैन ।

## अनुसूची — १

**विज्ञ सूचीमा समावेश हुनका लागि दिईने दरखास्त निवेदनको ढाँचा**

**मिति :-**

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत,**
**भुम्लु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**
**सल्ले भुम्लु काभ्रे, बागमति प्रदेश नेपाल ।**

**विषय :- विषयविज्ञमा सूचीकृत हुने सम्वन्धमा ।**

**महोदय,**

प्रस्तुत विषयमा भुम्लु गाउँपालिकाको मिति.................को विषयविज्ञ सूचीकृत हुने सूचना अनुसार विषयविज्ञ सूचिमा सूचिकृत हुन देहायको विवरण र आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

### व्यक्तिगत विवरण

| | |
|---|---|
| निवेदकको नाम | |
| स्थायी ठेगाना | |
| कार्यरत विद्यालयको नाम र ठेगाना | |
| तह र श्रेणी | |
| सम्वन्धित तहमा अस्थायी नियुक्ति मिति | |

| | |
|---|---|
| सम्वन्धित तहमा स्थायी नियुक्ति मिति | |
| विषयविज्ञ हुन चाहेको तह/विषय | |
| सम्पर्क मोवाईल नं. | |

## शैक्षिक योग्यता सम्वन्धित विवरण

| क्र.स. | अध्ययन गरेको तह | अध्ययन गरेको संस्था/वोर्ड/विश्वविद्यालय | उत्तीर्ण साल | अध्ययन गरेका मुल विषयहरु | कुल प्राप्ताङ्क | प्रतिशत | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

निवेदकको नाम :-

दस्तखत :-

**सम्लग्न गर्नुपर्ने कागजातहरु :-**

- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुकव प्रमाणित प्रतिलिपिहरु
- सम्वन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
- स्थायी नियुक्ति पत्रको प्रतिलिपि
- १० महिने तालिम लिएको हकमा उक्त तालिमको प्रमाणपत्रको प्रतिलिपि
- सूचिकृत हुन चाहेको तह/विषयको शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमको आधारमा बनाईएको प्रश्न पत्र पेश गर्नुपर्ने ।

**आज्ञाले,**
**मदन कुमार बजगाई**
**प्रमुख प्रशासकीय अधिकृत**